# खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ

## २ कोरिन्थी ९: ७

Notes by Franklin

लूका ७: ३६-५०: **फरिसी र पापी**

पदहरु ३६-३८ **उनले किन यसो गरिन् ?** **उनले प्रभुलाई प्रेम गरेकि थिइन् ।**

१ यूहन्ना ४: १० **प्रेम** यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर **उहाँले हामीलाई प्रेम गर्नुभयो**, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो।

- उनले यो विश्वास गरिन् र उनले जानेकि थिइन् कि उनी पापि हुन् ।

  १ यूहन्ना ४:१९ **हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो।**

- उनले **उहाँलाई प्रेम** गरेकी थिइन् र उनले गरेका सबै **काम र दिनु**को उहाँ योग्य हुनुहुन्छ भनि जानेकि थिइन् ।
- उनको **प्रेम**ले उनको कामहरुलाई **प्रेरित गर्यो** र उनलाई बाध्यो :

  (१) उनको बारेमा अरुले के सोच्लान् भन्ने **डर**, र

  (२) उनको भविष्यको **प्रबन्ध** - बहुमुल्यवानहरुलाई पक्रिरहनु ।

पद ३९ **फारिसीले के विश्वास गर्यो ?**

- येशू चाखलाग्दो मानिस हुनुहुन्छ । असल शिक्षक ।
- येशू अगमवक्ता हुनुहुन्न किनभने उहाँले आफुलाई स्त्रीद्वारा छुन दिनुभयो ।
- स्त्री पापी थिइन् र उहाँ पापी हुुनुहुन्नथ्यो । **तसर्थ प्रेम छैन**

पदहरु ४०-४३ **हामीले यसबाट के सिक्नसक्छौं ?**

जति धेरै म क्षमा पाएको व्यक्ति हु भनि थाहा हुन्छ **त्यति महान् येशूलाई मेरो प्रेम हुनेछ** ।

पदहरु ४४-४६ यो चाहिँ यसको विपरित हो : (१) कठोर, धार्मिक हृदय र (२) धन्यबाद हृदय जसले आराधना, समय र सम्पत्ती दिदँछ ।

पदहरु ४७-५० . . . **उहाँले स्त्रीलाई भन्नुभयो**, तिम्रो विश्वासले तिमीलाई बचाएको छ ।

२ कोरिन्थी १६:९ परमप्रभुको आखाँहरु . . .

उनको **विश्वास** चाहिँ **येशू** प्रतिको **उनको प्रेमले प्रेरित भएको थियो ।**

गलाती ५:६

- **जति धेरै हाम्रो प्रेम बढ्छ - त्यति धेरै हाम्रो विश्वास बढ्छ**
- जति धेरै हामी पापी हौं भनि थाहा हुन्छ, त्यति धेरै हामी धन्यबादि हुन्छौं, र **त्यति धेरै येशू प्रति हाम्रो प्रेम बढ्दछ ।**
- **विश्वास र काम सँग सँगै हुदँछ - जब प्रेमद्वारा प्रेरित हुदँछ ।**

याकूब २:२०, २६

विषय र धेरै महत्वपूर्ण र प्राथमिक चिज चाहिँ ->

येशू प्रति हाम्रो प्रेम

र, येशू प्रति हाम्रो प्रेम चाहिँ हामी कतिको स्पष्टसँग हाम्रो पापलाई देख्दछौं र कतिको स्पष्टसँग उहाँको क्रूसलाई देख्दछौं र जुन प्रेमले उहाँलाई त्याहाँ पुरयायो र हाम्रो क्षमाको लागि उहाँलाई त्यहाँ राख्यो भन्ने कुराले निधार्रित गर्दछ ।

**येशू प्रतिको हाम्रो प्रेमको नापले निधार्रित गर्दछ :**

१. हामी कति पश्चातापी छौं । (१ थेसलोनिकी १:९)

(कति पापबाट हामी फर्केका छौं र येशू कहाँ क्षमाको लागि आएका छौं)

२. हामी अरुको अगाडि कतिको सहासी छौं (उनी धेरै नै साहासी थिइन्)

३. हाम्रो आराधना कतिको खर्चिलो छ (उनको आराधना अत्याधिक खर्चिलो थियो)

४. **कति उदारताले हामी दिदछौं**

हाम्रो प्रेमको मात्रा चाहिँ देखिन्छ -> **हाम्रो दिनुद्धारा**

तपाईले धन्यबादी पापीलाई आराधना र उत्साहमा उसको **दिनु**द्धारा चिन्न सक्नुहुन्छ ।

हाम्रो प्रेमको मात्रा / अरुको लागि हाम्रो उत्साह चाहिँ हामीले उनीहरुलाई के गर्छौं भन्नेद्धारा देखिन्छ !

प्रभुको लागि . . . र . . . हाम्रो श्रीमती / श्रीमानको लागि दुवैद्धारा

मत्ती ७:२० यसरी ती अगमवक्ताहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ।

..............................................................................................................................

परमेश्वरले संसारलाई यस्तो **प्रेम** गर्नुभयो कि उहाँले एउटै मात्र छोरालाई **दिनुभयो** . . .

## प्रेम --> दिन्छ --> हाम्रो प्रेमको मात्रा चाहिँ हामी कसरी र के दिन्छौंद्वारा देखिन्छ !

हामी आफै > हाम्रो समय > हाम्रो सम्पत्ती

किनकि जहाँ **तिम्रो धन हुन्छ**, त्यहीँ **तिम्रो मन पनि हुन्छ**।

मत्ती ६:२१

प्रभुको हृदय चाहिँ उहाँको सम्पत्तीसँग छ -> मानिस !

उहाँको धनको मुल्य चाहिँ उहाँले किन्नको लागि तिर्नु भएको मुल्यद्वारा निर्धारित छ । तसर्थ, हामी कतिको बहुमुल्यका छौं ?

लूका १९:१० किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।
मानिस !

- प्रेमले पछि लाग्छ -> पछि लाग्नुको मात्रा चाहिँ हाम्रो प्रेमद्वारा निर्धारित गर्दछ

लूका १५:३-७ तब उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो: “तिमीहरूमध्ये कुन मानिस होला, जसको एक सय भेड़ामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोड़ेर **हराएको भेड़ा नपाउञ्जेल त्यसको खोजी** गर्दैन? हराएको भेड़ा भेट्टाएपछि रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ, र घरमा आएर उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाउँछ, र तिनीहरूलाई भन्छ, ‘मसँग **रमाओ**, किनभने मैले आफ्नो हराएको भेड़ा पाएको छु।’ म तिमीहरूलाई भन्दछु, यसरी

पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि **स्वर्गमा अझ बढ़ी आनन्द हुनेछ**।

हेर्नुहोस् हिब्रू १२:२ हाम्रा विश्‍वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले **उहाँको सामुन्‍ने राखिदिएका आनन्‍दको** निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्‍ट भोग्‍नुभयो, र परमेश्‍वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।

येशूको हृदय चाहिँ मानिसहरुको लागि हो र विषेश गरि हराएकाहरुका लागि ।

- मिसनको मन भएको मण्डलीलाई दिनु वा मिसिन संस्थालाई दिनु चाहिँ परमप्रभुलाई मन पर्छ ।

हामीले जानेको पद र यहाँ हामीलाई उर्तान मन लागेको चाहिँ :

- फिलिप्पी ४:१९ मेरा परमेश्‍वरले आफ्‍नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्‍ट येशूमा पूरा गरिदिनुहुनेछ।

## किन येशूले हामीलाई चाहिएको आवश्यकताहरु जुटाउनुहुन्छ ?

यो पद ति सबैको लागि हो जसले पावलको प्रचार यात्राको काममा सहायताको लागि उपहार दिएका थिए ।

फिलिप्पी ४:१५-१९ (१५) तिमी फिलिप्‍पीहरू आफै पनि जान्‍दछौ, कि सुसमाचारको सुरुमा म माकेडोनियाबाट बिदा हुँदा, दिने र लिने काममा, तिमीहरूबाहेक कुनै मण्‍डलीको सहभागिता मसँग भएको थिएन, (१६) किनभने थेसलोनिकेमा पनि तिमीहरूले मलाई एक पटकभन्दा बढ़ी नै मेरो निम्‍ति सहायता पठायौ। (१७) मैले भेटी खोजेको होइन, तर म त तिमीहरूमा यस्‍तो फलको आशा राख्‍छु, **जो तिमीहरूकै हिसाबमा जम्‍मा हुँदैजाओस्।** (१८) मैले पाउनुपर्नेभन्दा बढ़ी नै पाएको छु। इपाफ्रोडिटसद्वारा पठाइदिएका तिमीहरूको मीठो बास्‍ना भएको, र परमेश्‍वरलाई मनपर्दो र ग्रहणयोग्‍य बलिदान पाएर म तृप्‍त भएको छु। (१९) **मेरा परमेश्‍वरले**

**आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ।**

एक जवान धनि शासकले **भने : अनि त्यसले उहाँलाई भन्यो, "गुरुज्यू, यी सबै त मैले मेरो युवावस्थादेखि नै पालन गरेको छु।" मर्कूस १०:२०**

उसले आज्ञापालन गरिरहेको थियो > तर उसको कारण चाहिँ के थियो ?

> उसले केलाई प्रेम गरेको थियो ?

**येशूले उसलाई भन्नुभयो : तिमीलाई अझ एउटा कुराको अभाव छ। जाऊ, र तिमा जे-जति छन् बिक्री गर र गरीबहरूलाई देऊ, र तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ। अनि आएर मेरो पछि लाग।" तर यस कुराले त्यसको अनुहार उदासिलो भयो, र त्यो दु:खित भएर गइहाल्यो, किनभने त्यससित धेरै धन-सम्पत्ति थियो। मर्कूस १०:१७-२२**

- उसले वचनलाई प्रेम गरेको थियो / उसले आज्ञापालन गरेको थियो . . . तर किन ?
- यो चाहिँ उसको हृदयको कुरा थियो > उसले केलाई प्रेम गरेको थियो
- येशूलाई पछ्याउनेहरु सबैको लागि सबै थोक दिनु पर्छ भन्ने सिद्धान्त लागु हुदैन । यो चाहिँ उसलाई परिक्षा थियो कि उसले केलाई प्रेम गरेको थियो, उसको लागि महान् मुल्य के थियो भन्ने देखाउनको लागि थियो ।

१ शमूएल १६:७ तर परमप्रभुले शमूएललाई भन्नुभयो, "त्यो सुन्दर र अल्गो भए तापनि त्यसको ख्याल नगर्। मैले त्यसलाई इन्कार गरेको छु। परमप्रभुले मानिसले झैँ हेर्नुहुन्न। मानिसले रूप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुनछ।" २ इतिहास १६:९

मत्ती ६:१९-२१ "आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन। *किनकि* ***जहाँ तिम्रो धन हुन्छ,*** *त्यहीँ* ***तिम्रो मन पनि हुन्छ।***

परमप्रभु **तपाईको हृदय** प्रति रुचि राख्नुहुन्छ . . .

हितोपदेश २१:२ मानिसको हरेक बाटो आफूलाई ठीकै लाग्ला, तर **हृदय जाँच्ने** परमप्रभु नै हुनुहुन्छ।

- तपाईको लागि के बहुमुल्य छ
- तपाईले केलाई प्रेम गर्नुहुन्छ   १ यूहन्ना २:१५-१६

यो सबै चाहिँ >> **हृदय** >> तपाई केलाई **प्रेम** गर्नुहुन्छ भन्नु हो >>

सत्यता चाहिँ यहि हो कि : हामी के गर्छौं भन्ने कुराको **प्रेरणा** चाहिँ **प्रेम** हो ।

**हितोपदेश १६:२** मानिसका सारा मार्गहरू आफैलाई निर्दोष लाग्ला, तर **त्यसका अभिप्रायहरू** परमप्रभुद्वारा नै जोखिएका हुन्छन्।

**प्रश्न चाहिँ** :

- तपाई केलाई प्रेम गर्नुहुन्छ ?
- तपाईको धन के हो ? . . . जहाँ तपाईको मन हुन्छ ।

## परमेश्वरले संसारलाई यस्तो **प्रेम** गर्नुभयो कि उहाँले एउटै मात्र छोरालाई **दिनुभयो** . . .

लूका ६:३८ **देओ**, र **तिमीहरूलाई पनि दिइनेछ**। मानिसहरूले प्रशस्त परिमाणमा खाँदीखाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरूको पोल्टामा राखिदिनेछन्। किनकि जुन नापले तिमीहरू दिन्छौ, त्यही नापमा तिमीहरूले पनि फिर्ता पाउनेछौ।"

❖ उन्नतीको चाबि !

हामीलाई मन पर्ने अर्को पद चाहिँ : २ कोरन्थी ९:८

परमेश्वरले तिमीहरूलाई **हरेक आशिष्** प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित **सधैं** नै **हरेक कुरा** प्रशस्त होस्, र **हरेक असल कामको निम्ति** तिमीहरूले प्रशस्त मात्रामा दिन सक।

यसले पद ७ लाई पछयाउँछ : "खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।"

❖ यो चाहिँ उदारताले दिनेहरुलाई परमप्रभुको प्रतिउत्तर हो ।

यसले मिसनेरि कार्यलाई सहायता दिनेहरुको बारेमा भनिएको छ : हेर्नुहोस् : २ कोरन्थी ९:१-१५

उदाहरण : अब्राहाम

उत्पत्ती १२:१-३ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु त्यहाँ जा (आज्ञा पालन)। "म तँबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तँलाई आशिष् दिनेछु। म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिष्को मूल हुनेछस्। तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तँलाई सराप दिनेहरूलाई सराप दिनेछु। तँद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।"

हामीहरु आशिषीत् छौं ताकि हामी अरुहरुलाई आशिषीत् गर्न सकौं ।

यदि हामी आशिष्हरु अरुलाई दिदैनौं भने हामी उहाँको आशिष्हरुको असल काम्दार हुदैनौं र ति आशिष्हरु घट्दै जानेछन् ।

परमप्रभु त्यसता काम्दारहरुलाई हेर्दैहुनुहुन्छ जो उहाँले दिनुभएकोमा विश्वासयोग्य रहनेछ । (मत्ती २५:२१, २३)

उत्पत्ती २२:१२-१८ इसाहाकको बलिदान

उनले भने, 'तेरो हात त्यस केटामाथि नउठा, र **त्यसलाई केही नगर्।** अब मैले थाहा पाएँ तँ परमेश्वरसँग डराउँदोरहेछस्, किनकि तेरो छोरो, तेरो एकमात्र छोरालाई पनि मबाट तैंले रोकेर राखिनस्।"

अब्राहामले माथितिर हेरे र एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे। अब्राहामले गएर त्यस भेड़ालाई ल्याए, र तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे। यसकारण अब्राहामले त्यस ठाउँको नाउँ "परमप्रभुले जुटाउनुहुन्छ" राखे। **"परमप्रभुको डाँड़ामा जुटाइनेछ"** भनी आजपर्यन्त भनिन्छ।

परमप्रभुका दूतले दोस्रो पल्ट स्वर्गबाट अब्राहमलाई कराएर भने, "परमप्रभु भन्नुहुन्छ, 'मैले आफ्नै नाउँमा शपथ खाएको छु, कि तैंले यो काम गरेकोले र तेरो छोरो, अर्थात् तेरो **एउटै छोरालाई पनि मबाट नरोकेकोले म निश्चय नै तँलाई आशिष् दिनेछु**। तेरा सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवासरह म तुल्याउनेछु। तेरा सन्तानले आफ्ना शत्रुहरूका सहरहरू कब्जा गर्नेछन्। तेरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशीर्वादी हुनेछन्, किनकि तैंले मेरो वचन पालन गरिस्।"

जति धेरै अब्राहामले आज्ञापालन गरे र आफुसँग भएको धनलाई अरुलाई दिए ->

त्यति धेरै परमप्रभुको आशिष्हरु बढ्यो!

- हाम्रो आशिष्को नाप चाहिँ हामीले कतिको दिन्छौं भन्नेमा निधार्रित हुन्छ ।
- र हामीले दिने चाहिँ हाम्रो प्रेममा निधार्रित हुन्छ ।

मलाकी ३:८-११ दिने विषयमा, परमेश्वरले भन्नुभयो:

**"के कुनै मानिसले परमेश्वरलाई लुट्छ र?** तापनि **तिमीहरू मलाई लुट्दछौ।** "तर तिमीहरू सोध्छौ, 'कसरी हामीले तपाईंलाई लुट्यौं र?' **"दशांशको भेटीमा।** सराप परेर तिमीहरू श्रापित भयौ, किनकि तिमीहरूले मलाई लुटिरहेछौ– तिमीहरू सम्पूर्ण जातिले। **सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ**, ताकि मेरो घरमा भोजन रहोस्। यसमा **मलाई जाँचेर हेर**," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "**म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ**। "म तिमीहरूका अन्नबाली स्वाहा पार्ने रोग निको पारिदिनेछु, र तिमीहरूका बारीमा भएका दाखका बोटका फलहरू झर्नेछैनन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।

दशांस पुरानो नियमको व्यवस्थाको भाग होइन ।

- अब्राहामलाई दिइएको करार र प्रतिज्ञाहरु व्यवस्था आउनुभन्दा ४०० वर्ष पहिला थियो, र व्यवस्थाको भाग होइन (गलाती ३:१७), तसर्थ दशांस पनि । र यो आज्ञा अहिले पनि अडिक छ ।

- मल्कीसदेकलाई अब्राहामले दशांस दिएका थिए (हिब्रू ७:१२) धन्यबादि र उत्साहित हृदयले, व्यवस्था आउनुभन्दा ४०० वर्ष अघि ।

- "खतना नहुँदै विश्वासद्वारा पाउने धार्मिकताको चिन्ह वा छाप स्वरूप उनले खतना पाएका थिए। खतनाविनै **विश्वास गरेर धर्मी गनिएका सबैका उनी पिता होऊन्** भन्ने उद्देश्यले यो भएको हो। " । रोमी ४:११

- नयाँ नियमको विश्वासीहरुको लागि, पुरानो नियम चाहिँ : "यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ। " १ कोरन्थी १०:११

- **यहोशू** ६:१७-१९, २४;  ७:१, ११-१३ **कृपया पढ्नहोस्** ।

- **प्रस्थान** : जब परमप्रभुले थुमाको रगतद्वारा उहाँको मानिसहरुसँग करार स्थापित गर्नुभयो । उनिहरुलाई मिश्र देखि बाहिर ल्याउनुभयो,
  धर्मशास्त्रले भन्दछ :
  भजनसंग्रह १०५:३७ **उहाँले सुन र चाँदीसहित इस्राएलीहरूलाई बाहिर निकाल्नुभयो**, र तिनीहरूका कुलमध्येको कसैले पनि ठोकर खाएन।

के उदेश्यको लागि ? परमप्रभुले उनीहरुलाई आशिष् दिनुभएको थियो र उनीहरुको प्रबन्ध गर्न लाग्नुभएको थियो । तर मरुभुभिमा केहि पनि किन्ने थिएन र परमप्रभुले उनीहरुलाई खाना र लगाउनलाई लुगा जुटाउनुभयो ।

अन्तिम उद्धेश्य चाहिँ मन्दिरलाई बनाउनु थियो जहाँ उहाँको आराधना गरिनुथियो । तर मानिसहरुले सुनलाई **मुर्ति** बनाउनलाई प्रयोग गरे, आराधना गर्नलाई **सुनको बाछो** (प्रस्थान ३२)। परमप्रभु प्रशन्न हुनुहुन्थ्यो ।

यस्तै नगर्न हामी पनि होशियार रहनुपर्दछ, चादिँ, सुन र हाम्रो धनहरुको मुर्ति बनाउन देखि । उहाँले हामीलाई आशिष्हरु दिनुहुन्छ ताकि हामी अरुको लागि आशिष् बन्न सकौं (उत्पत्ती १२:१-३) र हामी आफ्नै लागि "सुनका बाछाहरु" नबनाऔं ।

यो धेरै नै महत्वपूर्ण सिद्धान्त हो । यसले सत्यतालाई देखाउदँछ :

हितोपदेश ३: ९-१० **आफ्नो धन-सम्पत्ति** र आफ्ना सबै उब्जनीको **अगौटे** फलले **परमप्रभुको आदर गर**, **तब** तेरा ढुकुटीहरू **पोखुन्जेल भरिनेछन्**, र तेरा भाँड़ाहरू नयाँ मद्यले चुलिएर पोखिनेछन्।

१ कोरिन्थी ४:२-३ त्यसबाहेक **यो आवश्यक छ, कि भण्डारेहरू विश्वासयोग्य ठहरिनुपर्छ**। तर तिमीहरूबाट वा मानिसको कुनै अदालतबाट मेरो इन्साफ हुनु, यो त मेरो निम्ति अति सानो कुरो हो, म आफै पनि आफ्नो इन्साफ गर्दिनँ।

यो सत्यता चाहिँ यसबाट निकालिएको हो :

मत्ती २५: १४-३० "किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा **आफ्ना नोकरहरू**लाई बोलाई **आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए**।

- परमप्रभुले आफ्नो सम्पत्ती हामीलाई दिनुभएको छ :
  उत्पत्ती १:२८; प्रकाश ५:९ (उहाँको महान् धन)

- काम्दारको अर्थ चाहिँ तपाईको अरु कसैको धनलाई आफ्नै सम्झि लिनुभएको छ ।

- १ कोरिन्थी ४: ७ अरूहरूभन्दा तिमीहरू कुन कुरामा फरक छौ? तिमीहरूसित के छ, जो तिमीहरूले पाएका होइनौ? अनि तिमीहरूले त्यो पाएका छौ भने त्योचाहिँ वरदान होइनजस्तै गरी किन तिमीहरू घमण्डले फुल्दछौ?

(१५) तिनले हरेकलाई तिनीहरूका **आ-आफ्नो योग्यताअनुसार** एउटालाई **पाँच सुनका सिक्का**, अर्कालाई **दुई** र अर्कालाई **एक** दिएर तिनी गइहाले।

- उसको नोकरहरु काम्दारहरु जस्तै क्षमतामा बराबर थिएनन् । कोही धेरै प्रतिभावान्, शिक्षित वा अन्यहरु भन्दा ज्यादा अनुभवि ।

- ति दिनहरुमा एक सिक्का चाहिँ १००० डलर चादिँ थियो । अहिलेको समयमा त्यसको मुल्य २० लाख डलर हुने थियो ।

(१६) तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन **अरू पाँच सिक्का कमायो**। (१७) त्यसरी नै दुई सिक्का पाउनेले पनि **अरू दुई कमायो**। (१८) तर एक सिक्का पाउनेले चाहिँ गएर भूइँ खनेर **आफ्ना मालिकको धन लुकाइराख्यो**।

(१९) "धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग **हिसाब मागे**।

- १ कोरिन्थी ३:८-१५; ९:१६-२७

(२०) तब पाँच सुनका सिक्का पाउने नोकरले अरू पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, 'हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू **पाँच सिक्का कमाएको छु**।' (२१) "मालिकले त्यसलाई भने, '**स्याबास**, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो।'

(२२) "दुई सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, तपाईंले मलाई दुई सिक्का दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू **दुई सिक्का कमाएको छु**।' (२३) "त्यसका मालिकले त्यसलाई भने, '**स्याबास**, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो।'

(२४) "एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो। (२५) यसैले **मलाई डर लाग्यो**, र गएर तपाईंको सिक्का मैले **माटोमुनि लुकाइराखें**। हेर्नुहोस्, यो तपाईंको सिक्का लिनुहोस्।'

(२६) “त्यसका मालिकले त्यसलाई जवाफ दिए, ‘ए दुष्ट, अल्छे नोकर, नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर तैंले जानेको थिइस् भने, (२७) तैंले मेरो धन साहूकहाँ राख्नुपर्नेथियो, र आएर **मैले मेरो धन ब्याजसमेत फिर्ता पाउनेथिएँ**। (२८) यसकारण **त्यसबाट यो सिक्का खोस**, र जससँग दश सिक्का छ त्यसलाई देओ।

(२९) किनभने जससँग छ त्यसलाई **अरू दिइनेछ**, र त्यससँग **प्रशस्त** हुनेछ। तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। (३०) त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।’

यो दृष्टान्तमा हामीले हामीलाई दिइएका पृथ्वीका सिक्काहरुलाई के गर्ने भन्ने कुरालाई परिवर्तन गरेर अत्याधिक गम्भिर कुरा एक सत्य परमेश्वरको मानिसहरुलाई दिइएको **सत्यता**लाई के गर्ने भन्ने हो तिर डोर्यउँछ (रोमी १:१८-२३)।

अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले **संसारलाई** आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। **तिनीहरूका अपराधका लेखा नलिएर** मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। (२ कोरिन्थी ५:१९)

यसलाई **अस्विकार** गर्न, यसलाई **गाड्न**, र यससँग **केहि नगर्न** र **अधन्यबादि** हुनु . . . तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। (३०) त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।’

गलाती ६:७-१० यो अत्याधिक महत्वपूर्ण पद हो ।

धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, **किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ।** (८) जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्तछ, त्यसले आफ्नो पापमय स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ। तर जसले आत्माको निम्ति रोप्तछ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ। (९) **भलाइ गर्ने काममा** हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने **ठीक समयमा हामी कटनी गर्नेछौं**। (१०) यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्‍वासका परिवारका हुन्। तपाईले जे रोप्नुहुन्छ त्यसलाई कटनी गर्नुहुन्छ (रिस, क्षमा नदिने, प्रेम, रुपैया ) ।

- तपाईले जे रोप्नुहुन्छ त्यसलाई कटनी गर्नुहुन्छ (रिस, क्षमा नदिने, प्रेम, रुपैया ) ।

- यदि तपाईले रोप्नुहुन्न भने तपाईले कटनी गर्नुहुन्न ।

मैले एक जनालाई सोधे की यदि उनीहरुको व्यापार राम्रो छ । उनीहरुले जवाफ दिए, "*मेरो दशांसहरु र भेटिहरु जमिन मुनि छ ।*" यसको अर्थ, उनीहरुले परमप्रभु र उहाँको कामलाई रुपैया पैसा दिएका थिए, उनीहरुको बिऊ रोपिएको थियो, जमिनमा, र त्यस व्यक्तिलाई थाहा थियो की आशिष्हरु आइरहेको छ । अति उत्तम विश्वास ।

यूहन्ना १२:२४ साँच्चै, म तिमीहरूलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन **भने** त्यो एउटै रहन्छ। तर त्यो मऱ्यो भने त्यसले **धेरै फल फलाउँछ**।

- बिऊ रोपिनु नै पर्दछ । जमिनमा गाडिनु नै पर्दछ हाम्रो हात बाहिर - हाम्रो पहुच बाहिर - त्यस पछि के हुन्छ हामीले नियन्त्रण गर्नुहुदैन - कति लामो समय लाग्ने हो - तर प्रतिज्ञा चाहिँ "यसले अधिक फल फलाउनेछ ।"

लूका ८: ५-८

"एक जना बीउ छर्ने बीउ छर्न निस्क्यो, र छर्दाहुँदि केही बाटोको छेउमा परे, र ती मानिसका खुट्टाले कुल्चिए, र आकाशका पक्षीले खाइहाले। (६) अरू बीउ ढुङ्गेनी जमिनमा परे, र ती उम्रने बित्तिकै सुके, किनभने त्यो जमिन ओबानो थियो। (७) कोही बीउ काँढ़ाको झाँगमा परे, र तिनका साथमा काँढ़ाको झाँग पनि बढ़ेर आयो, र तिनलाई बढ्न दिएन। (८) कतिचाहिँ असल जमिनमा परे, र उम्रेर सय गुणा फल फलाए।" यत्ति भनेपछि उहाँले उच्च सोरले भन्नुभयो, "जसको सुन्ने कान छ, त्यसले सुनोस्।"

- छरिएको सबै बिऊले फल फलाउदैन
- हामीले कहाँ रोप्छौं, दिन्छौं वा हाम्रो रुपैया पैसालाई खर्च गर्छौं त्यसमा हामी धेरै नै होशियार हुनुपर्दछ ।
- यदि तपाई परमप्रभुले आशिष् दिएको र तपाईको बिऊलाई बढाएको चाहानुहुन्छ भने तपाईले उहाँ मालिकले भने जस्तै गरि गर्नु नै पर्दछ । यो उहाँको बिऊ हो / रुपैया पैसा पनि । हामी सिर्फ विश्वासयोग्य हौं, आज्ञाकारि काम्दारहरु ।

२ कोरिन्थी ९: ७-१५ अनि हरेक मानिसले **आफ्नो मनमा सङ्कल्प गरेबमोजिम** देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्‍वरले प्रेम गर्नुहुन्छ।

- तपाईले कतिको दिनुहुन्छ भन्ने निणर्य तपाईको नै हो ।
- तपाईले दिनै पर्दछ किनभने तपाईले प्रभु येशूलाई प्रेम गर्नुहुन्छ र तपाईलाई उहाँले के गर्नुभएको छ ।
- र जब तपाई यो तरिकामा दिनुहुन्छ . . .

(८) परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित **सधैँ नै हरेक कुरा प्रशस्त होस्**, र हरेक असल कामको निम्ति तिमीहरूले **प्रशस्त** मात्रामा दिन सक। (९) यसरी लेखिएको छ, "उसले छर्छ, र गरीबहरूलाई दिन्छ, उसको धार्मिकता सदासर्वदै रहिरहन्छ।" (१०) छर्नेलाई बीउ र खानलाई भोजन **दिनुहुनेले तिमीहरूलाई बीउ दिनुहुनेछ, र त्यसमा वृद्धि गराउनुहुनेछ, अनि** तिमीहरूका धार्मिकताको **फसल बढ़ाउनुहुनेछ**। (११) तिमीहरूको **ठूलो उदारताको निम्ति हरेक कुरामा तिमीहरू धनी तुल्याइनेछौ**, जुन उदारताले हामीद्वारा परमेश्वरमा चढ़ाउने धन्यवाद उत्पन्न गराउनेछ। (१२) यस सेवाको कामले सन्तहरूको अभाव पूरा हुन्छ। त्यति मात्र होइन, परमेश्वरप्रति धेरै धन्यवादका भावना उर्लेर आउँछन्। (१३) सेवाको यस जाँचअन्तर्गत **तिमीहरूले** ख्रीष्टको सुसमाचार स्वीकार गर्ने आफ्नो भावना **आज्ञाकारितादद्वारा** तथा तिनीहरू **र अरू सबैका निम्ति तिमीहरूले उदार-चित्तले दिएको भेटीद्वारा परमेश्वरको महिमा हुनेछ**। (१४) परमेश्वरको असीम अनुग्रह तिमीहरूमा रहेको हुनाले तिनीहरूले तिमीहरूको तृष्णा गर्छन्, र तिमीहरूका निम्ति प्रार्थना गर्छन्। (१५) उहाँको वर्णन गर्न नसक्ने वरदानको निम्ति परमेश्वरलाई धन्यवाद होस्।

लूका ६: ३८ **देओ**, र **तिमीहरूलाई पनि दिइनेछ**। मानिसहरूले प्रशस्त परिमाणमा खाँदीखाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरूको पोल्टामा राखिदिनेछन्। किनकि **जुन नापले तिमीहरू दिन्छौ, त्यही नापमा तिमीहरूले पनि फिर्ता पाउनेछौ।"**

हाम्रो पिता दिने पिता हुनुहुन्छ (यूहन्ना ३:१६) हामी उहाँका सन्तानहरु हौं, र हामी उहाँ झैं हुनुपर्दछ । हामी दिनेहरु बन्नु पर्दछ ।

दिनु चाहिँ स्वर्गको झ्यालहरु खोल्ने "साँचो" हो जहाँबाट आशिष्हरु हामी तिर तल बहदछ ।

तपाईले तपाईको भविष्यको उन्नतीको लागि साँचो समात्नुभएकोछ ।

हितोपदेश ८: २०-२१ म **धार्मिकताको बाटो** र **न्यायको मार्गमा** हिँड्छु। 21 **मलाई प्रेम गर्नेहरूलाई** म **धन-सम्पत्तीले** भरिपूर्ण पार्छु, र म तिनीहरूका भण्डार **भरिदिनेछु**।